# मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्याः २०८१/८२

चलानी नं. :

फोन नंः ०१-५२६९१८५

टोल फ्रि नंः १६६००११६१८५


# प्रेस विज्ञप्ति

२०८१/१२/३१ गते

धार्मिक र सामाजिक सदभावको लागि अपिल ।

विविध संस्कृतिको पवित्र थलो नेपालमा सवै धर्मावलम्वीहरुले आ-आफ्नो धार्मिक पर्वहरु मनाउने गर्दछन् ।

मधेश प्रदेश पर्सा जिल्लाको विरगंजमा हनुमान जयन्तीको शान्तिपूर्ण र्‍यालीमा गरिएको ढुङ्गामुढा वाट त्यहाँ सदियौ देखि मिलेर बसेको समुदायहरु वीच सदभाव विगार्ने प्रयास गरिएको देखिन्छ ।

विगतका केहि बर्षहरुका धार्मिक उत्सवहरु आयोजना हुने क्रममा केहि कानुन विपरीतका घटनाहरु घटाइएका थिए, जसवाट सामाजिक र धार्मिक सद्भाव खलवलिएका थिए । समाजमा सद्भाव कायम राख्न स्थानीय प्रशासनले धार्मिक र सामाजिक सम्प्रदाय एवम् नागरिक समाजको बीचमा समझदारी र सम्झौता गराएका थिए । यो सुखद पक्ष हो र सोही अनुसार कार्यहरु भई राखेका थिए ।

गरिएका समझदारी र सम्झौता अनुसार नै प्रत्येक धर्मावलम्बीहरुले प्राप्त धार्मिक र कानुनी अधिकार उपयोग र उपभोग गर्दै सामाजिक सद्भाव कायम राख्न सरोकारवाला निकायहरुसंग आयोग हार्दिक अपील गर्दछ ।

मधेशी आयोग

मधेशी आयोग
ज्वागल, ललितपुर